पोखरा रोयल सहकारी संस्था लि. को बुलेटिन

सहकारी समाचार

पोखरा-१०, बुद्धचोक, कास्की

❑ २०७५ ❑ वर्ष १२ ❑ अंक १

तालिम वर्ष उत्साहजनक, ऋण सुधार वर्ष शुरू गर्दै

२०७५ श्रावण

पोखरा रोयल साकोसले आ.व. २०७४/०७५ मा सञ्चालन गरेको तालिम वर्ष उत्साहजनक भएको शिक्षा तथा तालिम उपसमितिका संयोजक केशवप्रसाद ढकालले बताउनुभयो । संस्थाको वार्षिक साधारण सभाबाट पारित गरि सञ्चालनमा रहेको कार्यक्रम बमोजिम यस वर्ष संस्थाले संस्थागत विकास तालिम, पर्ल्स अनुगमन तालिम, लघुवित्त तालिम, ऋण व्यवस्थापन तालिम, व्यक्तिगत व्यवस्थापन तालिम, कार्यालय व्यवस्थापन तालिम, सहकारी अभिमूखीकरण तालिम, सम्पत्ति सुद्धिकरण तालिम र सहकारी ऐन तथा कोपोमिस सम्वन्धी तालिम सञ्चालन भएको छ । यस अभियानमा मासिक रूपमा कर्मचारीको तालिम र सदस्यहरूको तालिम विशेष उल्लेखनीय रहेको संस्था अध्यक्ष मेजर तुलसीप्रसाद गुरूङले बताउनुभयो । यसबाट करिब ५०० जना सदस्यहरू प्रत्यक्ष रूपमा लाभान्वित भएको पाईएको छ ।

यसैबीच संस्थाले आ.व. २०७५/०७६ लाई ऋण सुधार वर्षको रूपमा अगाडि सारेको छ । यस वर्ष पुराना ऋणहरूलाई पुनसंरचना गर्ने, भाखा नाघेका ऋणहरू असुली गर्ने, ऋणको शिर्षक तथा ब्याजमा हेरफेर गर्ने, अनिवार्य ५ सि विश्लेषण गर्ने, धितो र परियोजनाको सदुपयोगिता जाँच गर्ने ऋण परामर्श कार्यलाई अनिवार्य गर्ने ऋण प्रवन्धक परमेश्वर दाहालले बताउनु भयो ।

राईफाइसनको २००औं जन्मजयन्ती

सहकारी अभियन्ताहरूले बचत तथा ऋण सहकारीका जन्मदाता एफ डब्लु राईफाईसनको २००औं जन्म जयन्ती संसार भर मनाईरहेको छ । सन् १८१८ मा जर्मनीमा जन्मेका राईफेसन उक्त नगरका मेयर समेत थिए । बेयरबुस नगरका मेयर समेत रहेका राईफाईसनले ग्रामीण जनताहरू साहुको चर्को ब्याजबाट पिल्सिएका ग्रामीण किसानहरूलाई सहज रूपमा वित्तीय सेवा प्रदान गर्न शहरको गाँउसम्म पुर्‍याउन ठूलो अभियान चलायो । उनले गरिब किसानहरूलाई समावेस गरि हेडस्डोर्फ नामक ऋण संघ स्थापना गरि सामाजिक न्याय, वित्तीय समावेसीकरण र सबै जनतालाई वित्तीय पहुँचमा ल्याउन महत्वपूर्ण भूमिका खेलेका थिए । यहि संस्थाले नै पहिलो पल्ट एकका लागि सबै र सबैका लागि एकको सिद्धान्त प्रयोगमा ल्याएका थिए । हाल संसार भर राईफाईसन मोडलका सहकारी बैंक तथा सहकारी संघ संस्थाहरू क्रियाशिल रहेका छन् ।

यसैबीच एशियाली ऋण महासंघले यस वर्षको वार्षिक साधारण सभामा राईफाईसनको सिद्धान्त, बिचार र शैलीलाई बर्तमान परिप्रेक्ष्यमा कत्तिको सान्दभिकता छ भन्ने शिर्षकमा वृहत गोष्ठी समेत सञ्चालन गर्‍यो । फिलिपिन्सको मनिलामा सञ्चालन भएको वार्षिक साधारण सभामा पोखरा रोयल साकोसका सचिव भीम गुरूङले नेफ्स्कूनको तर्फबाट र मीलन ढकालले पोखरा रोयल साकोसको तर्फबाट सहभागिता समेत जनाएका थिए । उक्त कार्यक्रममा नेपालबाट नेफ्स्कून र राष्ट्रिय सहकारी बैकको तर्फबाट गरि ११७ जनाको सहभागिता रहेको थियो ।

साक्षरता अभियानमा वडाको साथ : ५०० बढीले सिके कखर

पोखरा रोयल सहकारीले सञ्चालन गर्दै आएको प्रौढ साक्षरता अभियानमा हाल सम्म ५०० भन्दा बढी निरक्षर महिलाहरूले निशुल्क रूपमा साक्षर बन्ने अवसर प्राप्त गरेको छ । सहकारीले विगत १२ वर्षदेखि सञ्चालन गरिरहेको साक्षरता अभियानमा पछिल्लो समयमा सरकारी निकायबाट समेत साथ मिलेको छ । यहि २०७५ भाद्र २० गते पोखरा महानगरपालिका बडा नं. १५ को निर्मल बस्तीमा शुरू भएको तालिममा पोखरा महानगरपालिका बडा नं. १५ को साथ रहेको छ ।

संस्थाका शिक्षा तथा तालिम उपसमितिका संयोजक श्री केशव प्रसाद ढकालको अध्यक्षता, पोखरा महानगर पालिका बडा नं. १५ का वडाध्यक्ष प्रकाश पौडेलको प्रमुख आथित्यतामा उक्त कार्यक्रमको शूरूबात गरिएको हो । उक्त अवसरमा प्रमुख अतिथि प्रकाश पौडेल र नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघका सञ्चालक एबम् संस्थाका सचिव भीम गूरूङ द्धारा सयुक्त रूपमा व्यानरमा हस्ताक्षर गरी कार्यक्रमको उद्धघाटन भएको थियो । यस अवसरमा प्रमुख अतिथि पौडेलले सहकारीले समाजमा रहेका शिक्षाबाट बञ्चित भएका महिलाहरूलाई साक्षर बनाउने महान अभियानमा सबैले साथ र सहयोग गर्नु पर्ने बताउनु भएको थियो यसै गरी संस्थाका सचिव एवम नेफस्कुनका सञ्चालक भीम गूरूङले पढ्ने समयमा आफनो कार्य व्यस्ततले स्कुल पढ्न बाट बञ्चित भएकालाई निरक्षरबाट साक्षर बनाउने संस्थाको अभियान रहेको र संस्थाले समुदायमा पनि सामाजिक उत्तर दायित्व निर्बाह समेत गरिरहेको जनाउनु भएको थियो ।

उक्त कार्यक्रमका लागि चाहिने पाठ्य सामाग्री र स्टेशनरी समाग्री कार्यक्रमको बीच हस्तारण गरीएको थियो । कार्यक्रमको स्वागत पोखरा महानगरपालिका बडा नं. १५ को बडा सदस्य पार्बती कार्कीले गर्नु भएको थियो भने संस्थाका प्रशासन बिभाग प्रमुख उमनाथ आचार्यले कार्यक्रम सञ्चालन गरेको लघुबित प्रमुख लिलाधर पौडेल जानकारी गराउनु भएको थियो । स्मरण रहोस संस्थाले गत बर्षको पौष २ गते देखी स्याङजा जिल्लाको गल्याङ नगरपालिका २ को बटुवा छापा गाउँमा समेत २३ जना महिला र ९ जना पुरूषहरूलाई समेत ४ महिनाको प्रौढ शिक्षा कार्यक्रम सफलताका साथ सम्पन्न गरेको थियो ।

सहकारी लघुवित्तमा १२५ बढी समूह

पोखरा रोयल सहकारीले गत बर्ष देखी शुरू गरेको लघुबित्त कार्यक्रममा १२५ वटा समूह निर्माण भएको छ । संस्थाको कार्यक्षेत्र कास्की, स्याङजा, तनहुँ र लमजुङ जिल्लामा लघुबित्त कार्यक्रम मार्फत सेवा बिस्तार गरिरहेको लघुवित्त अधिकृत लिलाधर पौडेलले बताउनु भयो । खासगरि बितिय पहुँच नपुगेका स्थानहरूमा बितिय साक्षरताका कार्यक्रमहरू सञ्चालन गरी सदस्यहरूको कमाईको केही अंश बचत गर्नका लागि प्रेरित गर्दै आजको थोरै बचतले भोलिको ठुलो समस्या समाधान गर्ने सक्छ भन्ने उद्देश्यका साथ सदस्यहरूको घर दैलौमा गई बचत संकलन गरीरहेको छ ।

५ जनाको समुह र ५ समुहको केन्द्र स्थापना गरी व्यवसाय सम्बन्धी तालिमहरू समेत दिएको छ । सीप र काम गर्ने क्षमता भएको तर पुँजी र धितो नभएका ग्रामिण भेगका सदस्यहरूलाई सामुहिक जमानीमा सरल किस्ताबन्दी हुने गरी लघु ऋण समेत प्रबाह गरेको छ । सदस्य र सदस्यको परिबारलाई सुरक्षित गर्नका लागि १ लाख सम्मको लघु अमृत बिमा पनि शूरूबात गरेको छ । संस्थाले सदस्य राहत कार्यक्रममा सहभागी गराई २ सन्तान सम्मको लागि शिशु स्याहार राहत बापत रू ३ हजार रकम समेत प्रदान गर्ने गरेको छ । यस बर्ष देखी शूरूबात गरेको कार्यक्रममा २ जना सदस्यहरूलाई शिशु स्याहारको रकम समेत प्रदान गरिसकेको छ । संस्थाले सदस्यको मृत्य हुदाँ परिबारलाई रू ५ हजार क्रियाखर्च समेत प्रदान गर्ने गरी आफ्ना कार्यक्रमहरू अगाडी बढाएको छ ।

सहकारी महासंघले थाल्यो प्रादेशिक गोष्ठी

राष्ट्रिय सहकारी महासंघले सहकारी कानूनमा एकरूपता ल्याउन र सहकारी अभियान र स्थानीय सरकार बीच समन्वय गर्ने उद्धेश्यले प्रदेश स्तरीय गोष्ठीको प्रारम्भ गरेको छ। मुलुकभरका सातवटै प्रदेशमा सञ्चालन गरिने गोष्ठी गण्डकी प्रदेशबाट शुभारम्भ भएको हो ।

पोखराको लेकसाईडमा भएको प्रादेशिक गोष्ठीको उद्घाटन गर्दै नेपाल सरकारको सहकारी मन्त्री पदमा अर्यालले सहकारी अभियानले न्यून आय भएका व्यक्तिहरूको जीवनस्तर माथि उकास्न महत्वपूर्ण भूमिका खेल्ने भएकोले सहकारी मैत्री कानून निर्माण गर्न सबैसंग आग्रह गर्नुभयो । महासंघका अध्यक्ष केशव बडालको अध्यक्षतामा भएको गोष्ठीमा गण्डकी प्रदेशका स्थानीय तहका प्रमुख उपप्रमुख, सहकारी हेर्ने कर्मचारी र सहकारी अभियानका नेतृत्व तहका व्यक्तिहरूको उपस्थिति रहेको थियो । गण्डकी प्रदेशका सहकारी मन्त्री लेखबहादुर थापाले प्रदेश सरकारले सहकारी ऐनको मस्यौदा संसदमा पेश गरेको जानकारी गराउदै यो ऐनले सहकारीलाई व्यवसायतर्फ उन्मूख गराउन कोसेढुँगा सावित हुने विश्वास व्यक्त गर्नुभयो ।

हार्दिक बधाई

यस संस्थाका सचिव एवं नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफस्कून) संचालक श्री भीमबहादुर गुरुङ ज्यु संगम बचत तथा ऋण सहकारी संस्था लि. पोखरा द्वारा स्थापित संगम योग के.सी. स्मृती पूरस्कार २०७५ बाट सम्मानित हुनु भएकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौ ।

पोखरा रोयल सहकारी संस्था लि.
Pokhara Royal Co-Operative Society Ltd.
पोखरा म.न.पा-१०, बुद्धचोक
फोन नं. ०६१-५३८८३३,५३७८३३,५२०८३३,५२०९३३
NEFSCUN

परिवार

कोअपरेटिभ म्यानेजर्स क्लव तालिम अभियानमा

सहकारी संस्थामा कार्यरत व्यवस्थापकहरूको क्षमता अभिवृद्धि गर्ने साथै सहकारीका सफल अभ्यास र अनुभवहरूलाई एकआपसमा आदानप्रदान गर्ने उद्धेश्यले स्थापित कोअपरेटिभ म्यानेजर्स क्लव कास्कीले पहिलो वर्षमा नै विविध कार्यक्रमहरू सञ्चालन गरि गतिविधी तीव्र पारेको छ। क्लवले स्थापना पश्चात व्यवस्थापकहरूको क्षमता अभिवृद्धि तालिम, सहकारीमा नीति निर्माण तालिम, बजार विभागमा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि तालिम र भर्खरै मात्र सञ्चालकहरूको क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको क्लवका अध्यक्ष एवं पोखरा रोयल साकोसका मूख्य प्रवन्धक मीलन ढकालले बताउनु भयो। क्लवले पछिल्लो समय नेफ्स्कूनसंग प्राविधिक सहयोग लिई विविध तालिमहरू सञ्चालन गर्ने योजना रहेको क्लवका नवनिर्वाचित सचिव तथा संगम साकोसका वरिष्ठ व्यवस्थापक अपिल कोईरालाले बतानउनु भयो ।

यसैबिच क्लवको नवनिर्वाचित पदाधिकारीहरूलाई संगम साकोसको सभाहलमा निर्वाचन समितिका संयोजक कमलमोहन आचार्य र संगम साकोसका अध्यक्ष निरज थापाले पदस्थापन गराउनुभएको थियो । क्लवको अध्यक्षमा पोखरा रोयल साकोसका मीलन ढकाल, उपाध्यक्ष गौरीशंकर साकोसका डम्बर बस्नेत, सचिवमा संगम साकोसका अपिल कोईराला, सहसचिवमा दर्पण साकोसका बोधराज रेग्मी, कोषाध्यक्षमा सहयात्री साकोसका पशुपति अधिकारी र सदस्यहरूमा प्राईम सहकारीका निरू थापा, सरल नमूना साकोसका कमल सुवेदी, क्षत्रशक्ति साकोसका सरोज कुँवर, पिपल्स साकोसका हरिप्रसाद पन्थी, पवित्रा बराल नवसाथी साकोस र नयन साकोसका सन्तोष त्रिपाठी रहेका छन् ।

यूवाको लागि वित्तीय साक्षरता अनिवार्य : पन्त

अर्न्तराष्ट्रिय सहकारी महासंघ एशिया प्रशान्त क्षेत्रीय यूनिभर्सिट क्याम्पस उपसमितिका उपाध्यक्ष इन्दिरा पन्तले युवाहरूको लागि वित्तीय साक्षरता कार्यक्रम एक अनिवार्य शर्त भएको एक कार्यक्रममा बताउनुभयो। पोखरा रोयल सहकारी संस्थाले संस्थामा आवद्ध तथा विभिन्न विद्यालय तथा क्याम्पसमा अध्ययनरत युवा विद्यार्थीहरूलाई लक्षित गरि सञ्चालन गरेको एकदिने गोष्ठीमा सहकारी संस्थाले यूवा लक्षित कार्यक्रम गरि उनीहरूलाई वित्तीय साक्षरता र सहकारी बारे शिक्षा दिन सकेमा मात्र सहकारीको भविश्य दिगो रहने बताउनुभयो। संस्थाका सचिव भीम गुरूङको अध्यक्षतामा सम्पन्न भएको गोष्ठीमा अमरसिंह उच्च मा.वि, कालिका उच्च मा.वि., पोखरा विश्वविधालय, पोखरा कलेज अफ म्यानेजमेन्ट, टप्स उच्च मा.वि., जनप्रिय क्याम्पस, फरेष्टी क्याम्पस, सगरमाथा उच्च मावि, गण्डकी इन्जिनियरिङ, पृथ्वीनारायण क्याम्पसका १३ वर्षदेखि २० वर्ष उमेर समूहका करिब १५० जना यूवाहरूको उपस्थिति रहेको थियो । उक्त कार्यक्रमको स्वागत संस्थाका मुख्य प्रवन्धक मीलन ढकाल र सञ्चालन सुपरिवेक्षक विजया श्रेष्ठले गर्नुभएको थियो।

साधारण वचत खाता

क.सं.	खाताको नाम	व्याजदर	क.सं.	खाताको नाम	व्याजदर
१	साधारण वचत	७%	७	नारी वचत	७.७५%
२	रोयल वचत	७.२५%	८	संस्थागत वचत	७%
३	दम्पत्ती वचत	७.५%	९	भ्रमण वचत	९%
४	रेमिटान्स वचत	७.५%	१०	लघु वचत	९%
५	विमा वचत	७.५%	११	छुनुमुनु वचत	१०%
६	जेष्ठ नागरिक वचत	७.७५%	१२	नियमित वचत	१२%

आवधिक वचत खाता

अवधि	व्याजदर	अवधि	व्याजदर	अवधि	व्याजदर
६ महिना	१०%	२ वर्ष	११.५%	४ वर्ष	१२.५%
१ वर्ष	११%	३ वर्ष	१२%	५ वर्ष	१३%
५ वर्ष भन्दा माथि आपसी समझदारीमा					

मुद्धती बचत खाता

अवधि	मासिक व्याज दर	त्रैमासिक व्याज	एकमुष्ठ व्याज	अवधि	मासिक व्याज दर	त्रैमासिक व्याज	एकमुष्ठ व्याज
३ महिने	-	-	८%	१ वर्ष	१०%	१०.५%	११%
६ महिने	९%	९.५%	१०%	२ वर्ष	१०.५%	११%	११.५ %
९ महिने	९.५%	१०%	१०.५ %	३ वर्ष	११%	११.५ %	१२%

ऋण शिर्षकमा १५% देखि १७% सम्म ब्याज

गण्डकी प्रदेशमा नेफस्कूनको गतिविधी बढ्दो

नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि.(नेफ्स्कून) ले प्रादेशिक गतिविधी सञ्चालन गर्ने क्रममा गण्डकी प्रदेशमा बचत तथा ऋणको कार्यक्रम, तालिम, गोष्ठी, स्तरीकरण कार्यक्रम र साकोस संग नेफ्स्कून कार्यक्रम सञ्चालन गरेको संघका सञ्चालक एवं गण्डकी प्रदेशका संयोजक भीम गुरूङले बताउनु भयो । संघले यस अवधिसम्म पोखरा र लमजुङमा फिल्ड कार्यालय स्थापना गरि वित्तीय गतिविधी अगाडि बढाईरहेको छ । जस अर्न्तगत पोखरा फिल्ड कार्यालय मार्फत ४५ करोड र लमजुङ फिल्ड कार्यालय मार्फत २० करोडको कारोबार भईरहेको पोखरा फिल्ड ईन्चार्ज जगन्नाथ लामिछानेले बताउनुभयो ।

सदस्य संस्थाका संचालक एवं कर्मचारीहरूको क्षमता अभिवृद्धि गराउने उद्धेश्यले व्यवस्थापकहरूको क्षमता अभिवृद्धि तालिम, ऋण अधिकृतको क्षमता अभिवृद्धि, संचालकको क्षमता अभिवृद्धि, पर्ल्स अनुगमन जस्ता तालिम यस प्रदेशका नियमित कार्यक्रमहरू हुन् भने यसै अवधिमा सम्पत्ति शुद्धिकरण अभिमूखीकरण, सहकारी ऐन २०७४ र समसामयिक विषयमा प्रशिक्षण प्रदान गरिरहेको छ। यसै बीच संघका वरिष्ठ उपाध्यक्ष परितोष पौड्यालको विशेष उपस्थितिमा साकोससंग नेफ्स्कून कार्यक्रम अर्न्तगत पोखरा क्षेत्रका १४ वटा सहकारीका पदाधिकारी र कर्मचारीसंग स्थलगत अन्तरकृया कार्यक्रम सम्पन्न भएको छ। पछिल्लो समय यस प्रदेशबाट संघद्धारा सञ्चालित एक्सेस, प्रोवेसन र जोखिममा आधारित सुपरिवेक्षण कार्यक्रममा सहभागी हुने संस्थाहरूको संख्या वृद्धि हुँदै गईरहेको सञ्चालक भीम गुरूङले बताउनु भयो ।

सहकारीका सदस्यलाई वीमा सेवा शुरू

पोखरा रोयल सहकारी संस्था लि.ले सदस्यहरूको लगानी र उनीहरूको जीवन सुरक्षाको लागि लघु अमृत जीवन वीमा कार्यक्रम लागु गरेको छ । पहिलो चरणमा नेशनल लाईफ इन्स्योरेनस कम्पनीसंग सहकार्य गरि सहकारी लघुवित्तमा आवद्ध सदस्य र ऋण सेवा उपभोग गरिरहेका सदस्यहरूलाई लक्षित गरि उक्त सेवा सञ्चालनमा ल्याएको संस्थाका सचिव भीम गुरूङले बताउनुभयो । सेवा प्रारम्भ गर्ने सम्वन्धमा एक कार्यक्रमका बीच वीमा कम्पनीका तर्फबाट नायब महाप्रवन्धक सुरेशप्रसाद खत्री र सहकारीका तर्फबाट संस्थाका सचिव भीम गुरूङले हस्ताक्षर गरेका थिए ।

महानगरले जारी गऱ्यो सहकारी ऐन, प्रदेश ऐन संसदमा पेश

पोखरा महानगरपालिकाले सहकारी नियमावली जारी गरेको छ। संघीय संरचना बमोजिम ३ तहको सरकारले स्वायत्त रूपमा आफ्नो ऐन तथा नियमावली जारी गर्ने व्यवस्था बमोजिम सहकारी संघ संस्थालाई नियमन तथा व्यवस्थापन गर्न नगर प्रमुख मानबहादुर जिसीले बताउनुभयो । पहिलो पटक जारी गरेको सहकारी नियमावलीमा सहकारी अभियानको सुझाब विना ऐन ल्याएकोमा सहकारीकर्मीहरू रूष्ट भएका थिए। तत्पश्चात नेफ्स्कून, जिल्ला सहकारी संघ लि कास्की र कास्की बचत तथा ऋण सहकारी संघका प्रतिनिधीहरूको सुझाब बमोजिम केहि बुँदाहरूमा संसोधन गरि नियमावली जारी गरेको हो। तथापी नियमावलीमा थुप्रै विषयहरू सुधार गर्नुपर्ने नेफ्स्कूनका सञ्चालक भीम गुरूङले बताउनु भयो।

नेफ्स्कूनको ३१औं वार्षिकोत्सवको अवसरमा आयोजित कार्यक्रममा प्रमुख जिसीले सहकारी नियमावलीमा सहकारी अभियान र जनप्रतिनिधीको सुझावहरूलाई अर्को संसोधनमा सम्बोधन गरि सहकारी मैत्री कानून बनाउने कुरामा महानगर प्रतिवद्ध रहेको धारणा व्यक्त गर्नुभयो। साथै सहकारीकारी कर्मीहरूलाई असहज भएको विषयमा महानगरलाई लिखित सुझाब दिन समेत अनुरोध गर्नुभयो।

यसैबीच गण्डकी प्रदेश सरकारले सहकारी ऐन संसदमा पेश गरेको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री लेखबहादुर थापाले जानकारी गराउनु भयो। सहकारी कर्मी र सरोकारवालाहरूको सुझाब तथा राय समेतका आधारमा साझा दस्तावेजको रूपमा सहकारी कानून निर्माण हुनेमा आफु विश्वस्त रहेको प्रदेश साँसद एवं राष्ट्रिय सहकारी महासंघका सञ्चालक प्रभा कोईरालाले बताउनुभयो।

सुरक्षा प्रणालीमा जोडिदै सहकारी

आश्विन २०७५

पोखराको सुरक्षा व्यवस्थालाई ध्यानमा राखी मूल सडकमा सिसि क्यामेरा जडान गरिने भएको छ। जिल्ला प्रहरी कार्यालय कास्कीको समन्वयमा पोखरामा रहेको सहकारी संघ संस्था, बैक तथा वित्तीय संस्था र सुनचाँदी व्यवसायीको सहयोगमा पोखराको गैह्रापाटन, महेन्द्रपुल, चिप्लेढुँगा, न्यूरोड, सभागृहचोक, सृजनाचोक, रत्नचोक हुँदै राष्ट्रबैक चोकसम्मको सडकमा सिसि क्यामेरा जडान गरिन लागेको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी नायब उपरिक्षक रबिन्द्रमान गुरूङले बताउनु भयो।

हाल पहिलो चरण अर्न्तगत उक्त क्षेत्रमा पर्ने सहकारी, बैक तथा वित्तीय संस्था र सुनचाँदी व्यवसायीसंग सहयोग संकलन भईरहेको सिसि क्यामेरा जडान उपभोक्ता समितिका सदस्य एवं नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघका सञ्चालक भीम गुरूङले बताउनुभयो । करिब ५० लाख लागत लाग्ने उक्त कार्यका लागि सहकारी क्षेत्रबाट करिब १० लाख संकलन गरि जिल्ला सहकारी संघ लि.को ब्यानरबाट एकमुष्ट रकम हस्तान्तरण गरिने संघका अध्यक्ष एवं अभियन्ता रविरमण तिवारीले बताउनुभयो । यसैबीच उक्त अभियानको लागि पोखरा रोयल सहकारीले रू.२५ हजार प्रदान गरिने संस्थाका मूख्य प्रवन्धक मीलन ढकालले जानकारी गराउनुभयो।

हार्दिक बधाई

यस संस्थाका शेयर सदस्य डा. गिरीधारी शर्मा पौडेल ज्यु गण्डकी प्रदेश सरकारको निति तथा योजना आयोगको उपाध्यक्ष जस्तो गरिमामय पदमा नियुक्ति हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उत्तरोत्तर प्रगतिको कामना गर्दछौ।

पोखरा रोयल सहकारी संस्था लि.
Pokhara Royal Co-Operative Society Ltd.
पोखरा म.न.पा-१०, बुद्धचोक
फोन नं. ०६१-५३८८३३,५३७८३३,५२०८३३,५२०९३३
परिवार

महिलाहरू रोयल किचन सञ्चालन गर्दै



पोखरा रोयल साकोसमा आवद्ध महिला सदस्यहरूले आपसमा सहकार्य गर्दै सेवा व्यवसायमा प्रवेश गरेको छ । ९९ जना महिला सदस्यहरूको सामुहिक प्रयासबाट रोयल दिदीबहिनी किचन नामक कम्पनी दर्ता गरि रेष्टुरेण्ट र पार्टी प्यालेस सञ्चालनमा अगाडि बढेको हो । पोखराको मुटु बुद्धचोकमा रहेको पोखरा रोयल साकोससंगैको भवन तथा जग्गा भाडामा लिई करिब २ करोडको लागतमा उक्त परियोजना सञ्चालन गर्न लागेको कम्पनीका अध्यक्ष रूद्रकुमारी गुरूङले बताउनुभयो । पोखरेली स्वादको खानाका परिकार र अत्याधुनिक तालिम तथा सभाहलको लागि उपयुक्त उक्त परियोजना यहि २०७५ कात्तिक महिनादेखि सञ्चालनमा आउने परियोजनाका प्रमुख कार्यकारी क्या.चन्द्रप्रसाद गुरूङले बताउनुभयो ।

हार्दिक बधाई



यस संस्थाका मुख्य प्रबन्धक श्री मीलन ढकाल ज्यू कोअपरेटिभ म्यानेजर्स क्लव कास्कीको साधारण सभा बाट अध्यक्ष जस्तो गरिमामय पदमा सर्वसम्मत रुपमा निर्वाचित हुनु भएकोमा उहाँ लगायत सम्पुर्ण कार्यसमितिका पदाधिकारी ज्यूहरूलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौ ।

पोखरा रोयल सहकारी संस्था लि.
Pokhara Royal Co-Operative Society Ltd.
पोखरा म.न.पा-१०, बुद्धचोक
फोन नं. ०६१-५३८८३३,५३७८३३,५२०८३३,५२०९३३
परिवार

जागरण अभियानमा रोयल सहकारी

पोखरा रोयल सहकारीले कार्यक्षेत्रका स्थानीय बासिन्दालाई सहकारी बारे जानकारी गराउने उद्धेश्यले आफ्नो १७औं वार्षिकोत्सवको अवसरमा पोखरा महानगरपालिकाको वडा नं १० मा वृहत सहकारी जागरण अभियान सञ्चालन गरेको छ । संस्थाका सञ्चालक, लेखा समिति, विभिन्न उपसमिति र कर्मचारीहरूको विभिन्न समूहले वडाका बुद्धचोक, अमरसिंहचोक, रामबजार, दुचीटोल, इन्द्रपुरी मार्ग, गौतमबुद्ध मार्ग, अन्नपूर्ण टोल, सिमलमार्ग, मीलनटोल, नागिना टोल, जनप्रियटोल, उत्तममार्ग, काजीपोखरी, सगरमाथाटोल, सिंगापुरटोल, हस्पिटलचोक, कुँडहर, औधौगिक क्षेत्र आदि टोलहरूमा पुगी सहकारी शिक्षा बारे जानकारी गराएका थिए । जागरण अभियानको संस्थाका अध्यक्ष मेजर तुलसीप्रसाद गुरूङले सहकारी पर्चा वाचन गरि शुरूवात गरेका थिए ।

अभियान अन्र्तगत करिब १५०० स्थानीयलाई सहकारीको परिचय झल्कने पर्चा, संस्थाको ब्रोसर, क्यालेण्डर आदि वितरण गरेका थिए । जागरण अभियान अन्र्तगत संस्थाले प्रत्येक महिना नयाँ वडामा गई सहकारीको प्रचार गरिने संस्थाका सूचना अधिकारी मीलन ढकालले बताउनु भयो ।

हार्दिक शुभकामना

बिजया दशमी, शुभ दीपावली, नेपाल सम्बत् ११३९ तथा छठ पर्व २०७५ को पावन अवसरमा हाम्रा सम्पूर्ण शेयर सदस्य तथा शुभ चिन्तकहरुमा सुख, शान्ति, सम्वृद्धि, सु–स्वास्थ्य एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

पोखरा रोयल सहकारी संस्था लिमिटेड
Pokhara Royal Co-Operative Society Limited
परिवार
पोखरा महानगरपालिका–१०, बुद्धचोक

मन्टेश्वरीका बाबु नानीको सहकारी मोह

भर्खर मात्र तोते बोली फुटेका र टुकुटुकु हिड्न शुरू गरेका नानी बाबुहरूले सहकारीको भ्रमण गरेको खबर तपाईलाई अचम्म लाग्न सक्छ । तर पोखरा नयाँबजारमा अवस्थित पहिलो पाईला मन्टेश्वरीले आफ्ना विधार्थीहरूलाई अध्ययन भ्रमण गराउने क्रममा लगातार दोस्रो वर्ष पोखरा रोयल सहकारीको बुद्धचोक स्थित प्रधान कार्यालयमा भ्रमण गराएका छन् । खासगरि बच्चाहरूलाई पैसा, बचत, सहकारी र बैक कस्तो र आफ्ना बाबा आमाले पैसा राख्ने ठाँउ कस्तो हुन्छ भन्ने कुरा सिकाउन सहकारीको भ्रमण गराएको मन्टेश्वरीका प्रिन्सिपल सुब्रिना गुरूङ बताउनुहुन्छ ।

धेरै जना बाबुनानीको सहकारीमा बाल बचत खाता समेत रहेको छ, सहकारीमा आउदा बच्चाहरू असाध्यै खुसी हुने गरेको संस्थाका सुपरिवेक्षक देवी गुरूङले बताउनुभयो । पछिल्लो समयमा सहकारीले बच्चाहरूलाई लक्षित गरि छुनुमुनु बचत खाता सञ्चालनमा ल्याएको छ । यस्तो खाले भ्रमणले सहकारी र विधालयको आपसी सम्वन्ध समेत बढेको संस्थाका मूख्य प्रवन्धक मीलन ढकालले बताउनुभयो ।

प्रविधीमा फड्को मार्दै रोयल : शुरू भयो एटिएम सेवा

आश्विन २०७५, पोखरा

सदस्यहरूलाई समयानूकूल प्रविधिमैत्री सेवा प्रदान गर्ने उद्धेश्य अनुरूप संस्थाले एटिएम सेवाको तयारी गरेको छ । एविविएस सेवा, मोबाईल बैकिङ, एसएमएस सेवा संगै हाल एटिएम सेवा सञ्चालन गर्न लागेको लेखा अधिकृत अभिषेक गुरूङले बताउनुभयो । एससिटी नेटवर्क र फिनयक्ट सफ्टवेयरको प्राविधिक सहयोग र हिमालायन बैकको सहकार्यमा सञ्चालन हुने उक्त सेवाको लागि संस्थाले डेविड कार्ड निर्माण र एटिएम मेशिन जडान गरिसकेको छ । बिजया दशमी २०७५ को पावन अवसरमा सञ्चालनमा आउन लागेको उक्त सेवा हाल संस्थाको प्रधान कार्यालयमा रहेको आफ्नै एटिएम मेसिन र अन्य एससिटी सञ्जालबाट समेत सेवा लिन सक्ने गरि व्यवस्था गरिएको सूचना अधिकारी तथा मूख्य प्रवन्धक मीलन ढकालले बताउनुभयो ।

हार्दिक समवेदना

स्व. लिलकाजी गुरुङ

स्व. विज्ञान कुमार सिंह

स्व. चन्द्रबहादुर गुरुङ

यस संस्थाका शेयर सदस्यहरु क्रमश लिलकाजी गुरुङ, विज्ञान कुमार सिंह र चन्द्र बहादुर गुरुङ को असामयिक निधनले यस पोखरा रोयल सहकारी संस्था लि. मर्माहित एवं स्तब्ध भएको छ । यस शोक सन्तप्त घडीमा शोकाकुल परिवारजनमा धैर्य धारण गर्ने शक्ति इश्वरले प्रदान गरुन भन्दै मृतात्माको चिर शान्तिको कामना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

अध्यक्ष

मे.तुलसीप्रसाद गुरुङ

एवं

पोखरा रोयल सहकारी संस्था लि.
Pokhara Royal Co-Operative Society Ltd. परिवार

योग साधना र स्वास्थकर जिवन आजको आवश्यकता
'गरौ योग, रहौ निरोग'

परमेश्वर दाहाल
प्रवन्धक
पोखरा रोयल साकोस

योग सार्वभौम जीवनशैली हो । योगका प्रर्वतक महर्षि पतन्जली हुन । योग साधनालाई एक चिकीत्सा विज्ञानको रूपमा मान्यता दिएर मनाउन थालिएको छ । योग कुनै आश्रममा बस्ने जोगीहरूको निजि साधना मात्रै हैन, हरेक व्यक्तिहरू सुट लगाउने देखि बिदेशी गोराहरू सवैको लागी अत्यावश्यक जिवनशैली हो । योगको परिभाषा एकै भए पनी रूपमा भिन्न देखिन्छन ।

एक थरिले अष्टाङ्ग योग भनिएपनि सारमा मन, वचन र कर्म जोडिनु लाई योग भनिन्छ भनेका छन भने अर्को थरिले शरिर, मन र आत्मा लाई अर्न्तगत्वा परमात्मामा जोडनु नै योग हो भनेका छन । जिवनको मूल लक्ष्य प्रति एकाग्रता हुने कला ध्यान हो । योग शारिरिक, मानसिक, आध्यात्मिक संन्तुलन कायम राख्दै आनन्दमा रमाउनु योग हो । कुनैले पन्चभुत भन्दा भिन्दै कुनै अलौकिक शक्ति छ जसलाई ध्यानका माध्यमले जोडन सकिन्छ त्यो नै योग हो भनर गुरूवरहरूको भनाई पाइन्छ । सिद्धान्त र व्यवहार लाई जोडनु योग हो । योग गर्न जोगिनै हुनु पर्दछ भन्ने छैन भन्ने मान्यतामा परिवर्तन ल्याउने महान व्यक्ति स्वामी रामदेव हुन । कर्मयोग, भक्तियोग, हठयोग, ज्ञानयोग, ध्यानयोग, सिद्धीयोग, राजयोग र समाधि योग हुन भन्ने मान्यता बनाएका छन । त्यसै गरि हाम्रो शरिर भित्र ८ प्रकारका चक्रहरू छन ति हुन मुलाधार, स्वाधिष्ठान, मणिपुर, अनाहत, विशुद्धि, आज्ञा, मनश्च र सहस्रार चक्र । त्यसैगरि योगका अंगहरू यम, नियम, आसन, प्राणयाम, प्रत्याहार, धारणा, ध्यान र समाधि सम्म छन । व्यक्तिगत जिवन, घर परिवार, समाज र राष्ट्र वदल्ने संकल्प जस्ले राख्छ उ एउटा सच्चा योगी हो । आफ्नो स्वाश्थ्य सुधारमा निरन्तर लाग्नु, सामाजिक भलाईको काममा हिडनु र सुशासन यूक्त व्यवस्था राख्नु आजको योगको महत्व हो । योगलाई व्यापारीकरण गरिनु हुदैन । निःस्वार्थ भावले आफुलाई योग र अर्को लागी सेवा भनने महान भाव रहनु आवश्यक छ । नियमित गरिने व्यायाम, साधना, ध्यान र प्राणयामले मानिसमा सदैव उर्जावान, निरोगी र शक्तिशालि बनाउदछ ।

आजभोली व्यावसायिहरूले तरकारीहरूमा अत्यन्त मात्रमा विषादीहरूको प्रयोग गर्नाले मानिसहरू दिनहु जसो अस्पतालमा चेकअपका लागि भिड लाग्ने गरेको अस्वस्था देखिने गरेको छ । त्यसैले स्वाश्थ्य सदेव ठिक राख्नका लागी हरेक धार्मिक स्थल पाटी तथा सार्वजनिक स्थलमा हरेक दिन नियमीत तवरले निशुल्क रूपमा योग कक्षा/शिविरहरू संचालनमा रहेका छन । पूर्वकालमा ऋषिमुनीहरू १२ वर्ष सम्म ध्यान ध्यान र तपस्या गरेका थिएर त शक्ति आर्जित भएको थियो भन्ने ग्रन्थमा भेटिन्छ । आत्मैदेखि ध्यान र प्रणायामको अनुभुति गरेमात्र फल प्राप्त हुन्छ । ज्ञान, कर्म, भक्ति भएमा मात्र मोक्ष प्राप्त हुन्छ । लोभि र पापीहरूले धनका लागी आफ्नै मृत्यू पत्रमा समेत हस्ताक्षर गर्न पछि पर्दैनन भन्ने सुनिन्छ । हामी असल परम्पराको सम्रक्षण र बिकृति एवं बिसंगतीको परित्याग गर्न कहिल्यै भुल्नु हुदैन । राज्यको निति, नियम र कानुन सहज नहुदा तथा योगमैत्री नहुदा नेपाली समाजले दुःख पाएको छ । स्वास्थ्यका नाममा व्यापारीकरण भएको छ । योग, ध्यान, प्राणयाम, आसन, व्यायाम तथा आर्यूवेदलाई सरकारी उच्च प्राथमिकतामा नराख्नु नेपालीको स्वार्थ विपरित हुनु हो ।

नेपालमा रहेका जडिवुटी, हिमाल, पहरा, छहरा, वनजंगल, नदिनाला, ताल तलैया प्राकृितिक मनोहरको आन्तरिक तवरले सहि रूपमा प्रयोग हुन सकिरहेको छैन । यिनिहरूको संरक्षण हुनु अत्यन्त आवश्यक छ । स्वच्छ हावा, स्वास-प्रश्वास, प्राकृतिक वस्तुहरूको सेवन, जैविक कृषि प्रणाली, सुव्यावस्थित पार्कहरू सहितको सहर र स्वाश्थ्य पर्यटन वारे हरेक तह र तप्कावाट सोच्नु अत्यावश्यक रहेको छ ।

सम्पत्ति शुद्धिकरण निवारण सम्वन्धी निर्देशन २०७४

सहकारी संघ संस्थाहरुले जान्नै पर्ने १० विषयहरु

भीम गुरुङ्ग
सचिव
पोखरा रोयल साकोस

विषय प्रवेश :

नेपालमा पहिलो पटक सहकारी संघ संस्थामा सम्पत्ति शुद्धिकरण निवारण सम्वन्धि निर्देशन जारी भएको छ । सम्पत्ति शुद्धिकरण निवारण ऐन २०६४ को परिधिभित्र रहि सहकारी विभागले वि.सं.२०७४ माघ १५ गते यो निर्देशिका जारी गरेको हो । वि.सं.२०६४ मा जारी भएको सम्पत्ति शुद्धिकरण ऐन र २०७३ मा जारी भएको नियमावली अर्न्तगत रहि विभिन्न बैक तथा वित्तीय संस्थाहरुले यस भन्दा अगाडि बाट नै यसको पालना गर्दै आए पनि सहकारीमा भने पहिलो पटक लागु भएको हो । खास गरि सहकारी क्षेत्रमा हुने वित्तीय कारोबारलाई स्वच्छ एवं पारदर्शिता कायम गर्दै वित्तीय प्रणालीलाई संरक्षण गर्न यो निर्देशिका जारी गरेको पाईन्छ ।

१) के हो सम्पत्ति शुद्धिकरण

सामान्यतया गैरकानुनी रुपमा आर्जित धनलाई रुपान्तरण गर्दै बैध बनाउने प्रयास नै सम्पत्ति शुद्धिकरण हो । अर्को अर्थमा कुनै कसुरजन्य वा आपराधिक कृयाकलापबाट आर्जित आम्दानीलाई बिभिन्न ढंगले कानुनी स्वरुप दिने प्रयास गर्ने वा गैरकानुनी सम्पतिको वास्तविक उत्पति वा स्रोत लुकाउने, छिपाउने एवं बिभिन्न बित्तिय कारोवारको माध्यमबाट नयां कानुनी स्रोत सिर्जना गर्ने प्रयास हो शुद्धिकरण । समग्रमा कालो, कानुनी दाग लागेको, अशुद्ध धनलाई धोई पखाली, सफा देखाउने अभ्यास नै सम्पत्ती शुद्धिकरण हो ।

२) सम्पत्ति शुद्धिकरण निवारण निर्देशिकाको उद्धेश्य

खासगरि सम्पत्ति शुद्धिकरण निवारण निर्देशिकाको उद्धेश्य बैंक तथा बित्तिय क्षेत्र तथा सहकारीलाई प्रयोग गरी कुनैपनि अनाधिकृत वा स्रोत नखुल्ने किसिमका आर्थिक कारोवारहरु हुन नदिने हो । त्यसरी नै गैरकानुनी क्रियाकलाप तथा राजश्व चुहावट नियन्त्रण गर्न सहकारीको माध्यमबाट सहयोग गर्ने र राजश्व तथा कर छलीको अन्त्य गर्न समेत यसको महत्व रहेको छ । शंकास्पद कारोवारबाट भबिष्यमा पर्न सक्ने जोखिम तथा कानुनी कारबाहीबाट सहकारी संस्थालाई जोगाउन साथै सहकारी क्षेत्रलाई प्रयोग गरी कालो धनलाई सेतो बनाईन्छ भन्ने मानसिकताको व्यवहारिक प्रतिवाद गरी सहकारी अभियानको मर्यादा उच्च बनाउन समेत यसको लागु गरेको पाईन्छ ।

३) सदस्य पहिचान कसरि गर्ने

सहकारी सदस्य केन्द्रित व्यवसाय हो । २०७४ आषाढ मशान्त सम्म सहकारी संघ संस्थामा ३४ हजार बढी सहकारी संघ संस्थाहरु र ६३ लाख बढी सदस्यहरु आवद्ध रहेको पाईन्छ। जसमा एउटै सहकारीमा एक सयदेखि १ लाख सम्म सदस्य रहेका छन् । सहकारीको कारोबार वृद्धिसंगै सदस्य समेत बढ्दै गईरहेको सन्दर्भमा संस्थामा आवद्ध सदस्यहरुको सहज रुपमा पहिचान गर्ने र त्यसको रेकर्ड कायम गर्ने विषय जटिल बन्दै गईरहेको छ । जसको लागि यो निर्देशिकामा सदस्य पहिचान तथा सम्पुष्टि सम्वन्धि व्यवस्था गरिएको छ । जस अर्न्तगत सदस्यहरुको विस्तृत विवरण झल्कने सदस्य पहिचान फारम (Know Your Member KYM) को अनिवार्य व्यवस्था, बास्तविक धनी तथा हिताधिकारीको पहिचान, ल्याप्चे छापको अनिवार्यता, बाल बचत खाता सञ्चालन गरेको भए अविभावकको अनिवार्य ल्याप्चे छापको समेत व्यवस्था गरेको छ । साथै कुनै पनि व्यक्ति वा संघ संगठनको नाम, ठेगाना, प्रमाण, पेशा, परिवार र रहनसहनको एकिन जानकारी नभई कसैलाई सदस्य दिन नहुने कानूनी व्यवस्था र विवरणहरु पेश गर्दा वा सो मा परिवर्तन गर्दा सदस्य स्वयं उपस्थित हुनुपर्ने अनिवार्यतालाई पनि यो निर्देशिकामा कडाईका साथ व्यवस्था गरेको छ ।

त्यसरी नै संस्थामा उच्च पदस्थ व्यक्तिहरुको लागि संलग्नता रहेको भए सोको विवरण अधावधि राख्ने, ती अधिकारीहरुको हकमा निज पदबाट अवकास वा मुक्त भएको मितिले कम्तिमा ५ वर्षसम्म कायम राख्नुपर्ने व्यवस्था गरेको छ। साथै विधमान रहेको सदस्यहरुको हकमा २०७५ चैत्र मशान्त सम्ममा सम्पुष्टि गरिसक्नु पर्ने व्यवस्था गरेको छ । जसको लागि उच्च जोखिम भए निर्देशन जारी भएको ९ महिना भित्र र अन्यको हकमा प्राथमिकता क्रम बमोजिम अधावधिक गर्नुपर्ने व्यवस्था गरेको छ ।

४) जोखिम व्यवस्थापन गर्ने उपाय के हो ?

सदस्य पहिचान गर्ने क्रममा उच्च, मध्यम र न्यून गरि पहिचान गरिनु पर्दछ । उच्च जोखिम भएका सदस्यको हकमा कम्तीमा वर्षमा १ पटक, मध्यम जोखिमको हकमा २ वर्षमा १ पटक र न्यून जोखिम भएका सदस्यको हकमा ३ वर्षमा १ पटक अधावधिक गर्नुपर्ने व्यवस्था गरेको छ । सदस्यले पेश गरेको विवरण र आर्थिक हैसियत मिल्छ मिल्दैन, उनी बास्तविक धनी हो वा होईन, सदस्यको कारोबारमा अन्य व्यक्तिको प्रभाव वा दवाव छ कि ? सदस्यको आम्दानी र स्रोत कत्तिको स्वभाविक देखिन्छ आदि विषयमा सुक्ष्म रुपमा रेकर्ड राख्नुपर्ने कानूनी व्यवस्था गरिएको छ ।

यस क्रममा राष्ट्रिय तथा क्षेत्रगत जोखिम मूल्याँकन, पदीय तथा संस्थागत र सदस्यहरुको आर्थिक अवस्थामा आएको परिवर्तन र संस्थाले देखेको अन्य उपयुक्त आधारहरुको समेत मूल्याँकन गरि व्यवस्थापन गरिनुपर्दछ ।

५) के हो सीमा कारोबार र असामान्य कारोबार ?

सहकारी संस्थामा सदस्यले गर्ने शेयर, बचत, ऋण, सापटी तथा रेमिटान्स कारोबारको समेत रेकर्ड हेरि व्यवस्थापन गर्नुपर्दछ । सीमा कारोबार सम्वन्धमा नेपाल राष्ट्रबैकले तोके बमोजिम हुने कानूनी प्रावधान समेत रहेको छ । यो निर्देशिकाले एकैपल्ट वा पटक पटक गरि वार्षिक रु.३० लाख भन्दा बढीको बचत जम्मा वा कर्जा भुक्तानी, विप्रेषण, शेयर खरिद आदिलाई असामान्य कारोबारमा रुपमा किटानी गरिएको छ । त्यसैगरि एकैपल्ट वा पटक पटक गरि एक दिनमा रु.१० लाखभन्दा बढीको कारोबार गरेमा वा एकैदिन १० लाख भन्दा बढीको विधुतीय वा अन्य स्थानान्तरण वा भुक्तानी गर्दा समेत स्रोत खुलाउनुपर्ने अनिवार्य व्यवस्था गरेको हुँदा सहकारीले गर्ने हरेक आर्थिक गतिविधीमा विशेष ध्यान दिन समेत जरुरी देखिन्छ ।

६) कार्यविधी निर्माण र जिम्मेवारी बहन

सम्पत्ति शुद्धिकरण निवारण निर्देशिकाले व्यवस्था गरेको अर्को महत्वपूर्ण कार्य भनेको सहकारी संघ संस्थाले यो निर्देशिकाको अधिनमा रहि आन्तरिक कार्यविधी निर्माण र सञ्चालन हो । जसलाई संस्थाको वार्षिक साधारण सभाबाट पारित गराई लागु गर्नुपर्दछ । संस्थाको आन्तरिक कार्यविधी निर्माण गर्दा सहकारीको दर्शन, सिद्धान्त, मूल्य मान्यता, सम्पत्ति शुद्धिकरण ऐन नियमावली, सहकारी ऐन नियमावलीको मूल मर्मलाई समेत आत्मसात गर्नु पर्ने व्यवस्थालाई स्पस्ट साथ उल्लेख गरिएको छ ।

त्यसैगरि कार्यविधी निर्माण गर्दा आन्तरिक जिम्मेवारी र कार्यविभाजन, सदस्यको पहिचान र अधावधिकरण, जोखिम मूल्याँकन तथा व्यवस्थापन, अनुगमन पद्धती, प्रतिवेदन पद्धति, भौतिक उपकरणहरुको व्यवस्था, आन्तरिक नियन्त्रण तथा सुपरिवेक्षण प्रणाली कस्तो हुने, कर्तव्य पालना तथा अनुशासनको कारवाही र अभिलेख सम्वन्धी स्पस्ट साथ व्यवस्था गर्न समेत सुझाएको छ ।

जिम्मेवारी वहन गर्ने क्रममा ऐन बमोजिम एकजना व्यवस्थापनस्तरको कर्मचारीलाई कार्यान्वयन अधिकारीको रुपमा नियुक्ती गर्नुपर्दछ । जसको नाम, ठेगाना, सम्पर्क नं. इमेल आदि नेपाल राष्ट्रबैकको मातहतमा रहने वित्तीय जानकारी ईकाईमा पठाउने र कार्यविधीमा व्यवस्था भए बमोजिम कार्यान्वयन अधिकारीलाई काम कर्तव्य र अधिकारको बारेमा स्पस्ट खोलि पत्र दिनुपर्दछ । त्यसरी नै सञ्चालक समितिले कम्तिमा ६ महिनामा एकपल्ट ऐन, नियमावली र निर्देशिका बमोजिम भए गरेका काम कार्वाहीको बारेमा समीक्षा गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

७) निर्देशिका पालना नगर्दा के कारबाही हुन्छ ?

सहकारी विभागद्धारा जारी निर्देशिका बमोजिम यसको प्रभावकारी कार्यान्वयन र पालना नगर्ने सहकारी संघ संस्था र त्यसका कर्मचारी तथा पदाधिकारीहरुलाई विविध किसिमको कारबाहीको दायरामा बाँधेको छ। जस अर्न्तगत नीति तथा कार्यविधी नभएमा लिखित रुपमा सचेत गराउनेदेखि ३० लाख सम्मको जरिवाना र संस्था खारेजी, पहिचान सम्वन्धी व्यवस्था कार्यान्वयन नभएमा सचेत गराउनेदेखि १० लाख सम्मको जरिवाना र संस्था खारेजी सम्मको कारबाही, बेनामी वा काल्पनिक नाममा कारोबार गरेको पाईएमा ३० लाखदेखि ५ करोड सम्मको जरिवाना, ऐनको परिच्छेद ६ख को व्यवस्था पालना नभएमा २० लाख देखि ५ करोडसम्म जरिवाना, उच्च पदस्थ व्यक्तिको पहिचान हुने प्रणालीको व्यवस्था नभएमा सचेत गराउनेदेखि ३० लाख सम्मको जरिवाना, बास्तविक धनीको पहिचान र अधावधिक गर्ने व्यवस्था नभएमा १० लाखसम्मको जरिवाना, जोखिम व्यवस्थापन भएको नपाइएमा ३० लाख सम्मको जरिवाना तोकेको छ ।

त्यसैगरि निरन्तर अनुगमन सम्वन्धी व्यवस्था नभएमा १५ लाख सम्मको जरिवाना, सीमा कारोबारको पहिचान गर्ने प्रणाली नभएमा ३० लाख सम्मको जरिवाना र संस्था खारेजी सम्मको कार्वाहि, शंकास्पद कारोबारको पहिचान गर्ने प्रणाली नभएमा २० लाख सम्मको जरिवाना, कार्यान्वयन अधिकारीको व्यवस्था नभएमा १० लाख सम्मको जरिवाना र संस्था खारेजीको कार्वाही, सञ्चालक समितिले गर्नुपर्ने समीक्षा नगरेमा तथा संस्थागत तथा कर्मचारीको क्षमता विकासको कार्य नगरेमा लिखित रुपमा सचेत गराउनेदेखि कर्जा प्रवाहमा सीमा तोक्ने सम्मको कार्वाही, त्यसरी नै तोकिएको विवरणहरुको अभिलेख नराखेमा ३० लाख सम्मको जरिवाना र संस्था खारेजी सम्मको कार्वाही तोकिएको छ भने सीमा वा शंकास्पद कारोबार प्रतिवेदन समयमा नपठाएमा रु.१० लाखसम्म जरिवाना गर्न सक्ने व्यवस्था गरेको छ ।

८) प्रतिवेदन तयारी र यसको व्यवस्थापन

निर्देशिकाले व्यवस्था गरे बमोजिम सबै सहकारी संघ संस्थाहरुले सीमा कारोबार सम्वन्धमा त्यस्तो कारोबार भएको १५ दिनभित्रमा वित्तीय जानकारी ईकाइमा पठाउनु पर्नेछ । त्यसरी नै शंकास्पद कारोबारको हकमा भने ३ दिनभित्रमा पेश गर्नुपर्ने व्यवस्था छ भने यो निर्देशिका बमोजिम समपादन गरेका अन्य चौमासिक प्रतिवेदन तोकिएको ढाँचामा अवधि व्यतित भएको ७ दिनभित्र वित्तीय जानकारी ईकाईमा पठाउनुपर्नेछ ।

९) सम्पति शुद्धिकरण हुँदा हुने असर

सम्पत्ति शुद्धिकरण हुँदा आर्थिक तथा सामाजिक क्षेत्रमा विविध असर पार्ने देखिन्छ । खासगरि पारदर्शिता घट्ने, वित्तीय स्थायित्वलाई नष्ट पार्ने, स्थायित्व र पूर्वानुमान गर्न नसकिने वातावरण सिर्जना हुने, आर्थिक लगानीलाई दुरुत्साहन गर्ने, पुंजी पलायनलाई बढावा दिने आदि प्रत्यक्ष रुपमा असर देखिन्छ । त्यसरी नै यसले व्यापार घाटा बढाउने, नियमन, सुपरिवेक्षण र कानुनी कारवाही ध्वस्त गर्ने, विनिमय दरलाई अस्थिर पार्ने, विदेशी विनिमय दुरुपयोग बढाउने, विश्वासको वातावरण गुम्ने, अपराध र अपराधी शक्तिशाली बन्ने जस्ता कार्यहरु हुने भएकोले सहकारी क्षेत्रले समेत ससक्त रुपमा सम्पत्ति शुद्धिकरण हुने क्रियाकलापलाई निरुत्साहित गर्न यस सम्वन्धी कानूनको अनिवार्य पालना गर्न जरुरी देखिन्छ ।

१०) एकिकृत व्यवस्थापन सूचना प्रणाली र अभिलेख व्यवस्थापन

एकिकृत व्यवस्थापन सूचना प्रणाली सहकारी संस्थाको तथ्याँकहरुलाई एकै ठाँउबाट हेर्न सक्ने गरि व्यवस्थापन गरिएको सूचना प्रणाली हो । जसलाई कोपोमिस सफ्टवेयरबाट व्यवस्थित गर्न खोजेको देखिन्छ । यो व्यवस्था अर्न्तगत रु.५ करोड वा सो भन्दा बढी रकमको जायजेथा भएको संस्थाले तीन वर्षभित्र मन्त्रालयले स्वीकृत गरेको एकिकृत व्यवस्थापन सूचना प्रणालीमा आवद्ध हुनुपर्ने छ भने संस्थाले तोकिएको ढाँचामा तयार गरेको विभिन्न प्रतिवेदनहरु, अभिलेख, सूची, विवरण ५ वर्षसम्म सुरक्षित राख्ने, व्यवस्थापनको लागि जिम्मेवारी तोक्ने, अनधिकृत पहुँच नहुने व्यवस्था मिलाउने र रु.५ करोडभन्दा बढी जायजेथा भएको सहकारीले अग्नि कवच दराजको व्यवस्था गर्ने आदि कार्यहरु गर्नुपर्ने कानूनी प्रावधान तोकेको पाईन्छ ।

अबको बाटो

उपरोक्त विषयहरु अध्ययन गर्दा सरकार सहकारी क्षेत्रमा हुन सक्ने वित्तीय दुघर्टनालाई न्यूनीकरण र सुरक्षित गर्न चाहन्छ । त्यसरी नै सहकारीको बाटो हुदै सम्भावित सम्पत्ति शुद्धिकरणलाई रोक्न यो निर्देशिका अनिवार्य परिपालना गर्नुपर्ने देखिन्छ । तसर्थ सहकारी ऐन बमोजिम दर्ता भई कार्यरत सहकरी संघ संस्थाले यथाशीघ्र सम्पत्ति शुद्धिकरण निवारण कार्यविधी निर्माण गर्ने, सोहि बमोजिम कार्यान्वयन अधिकारी तोक्ने, केन्द्रिय व्यवस्थापन सूचना प्रणालीमा आवद्ध हुने, सदस्य पहिचान र वास्तविक धनीको पहिचान गर्ने व्यवस्था मिलाउने, निर्देशिकाले तोकेको ढाँचामा प्रतिवेदन तयार गर्ने र वित्तीय ईकाईमा पेश गर्ने आदि कार्यहरु गर्नुपर्दछ । यसको लागि केन्द्रिय संघहरुले यथाशीघ्र अविभावकीय भूमिका निर्वाह गर्ने, यसको लागि सहकारी संस्थाहरुमा यस सम्वन्धि अभिमूखीकरण कार्यक्रमहरु सञ्चालन गर्ने, सञ्चालक र कर्मचारीहरुलाई विशेष तालिमको व्यवस्था गर्ने र यसको लागि सरकारी निकाय र सहकारी क्षेत्रबीचको सहकार्य अनिवार्य देखिन्छ ।

सचिव गुरूङको नेतृत्वमा बंगलादेश भ्रमण

पोखरा रोयल सहकारी संस्था लि.को सचिव एवं नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि.का सञ्चालक भीम गुरूङ्गको नेतृत्वमा नेपालका सहकारी प्रतिनिधीहरूले एक हप्ते बंगलादेशको भ्रमण सम्पन्न गरेका छन् । यहि २०७५ श्रावण १६ गतेदेखि शुरू भएको सहकारी अध्ययन भ्रमणमा बंगलादेशका सफल सहकारी संस्थाहरू, केन्द्रिय बचत संघ, सहकारी मन्त्रालय, तालिम केन्द्र आदिको अवलोकन भ्रमण तथा अनुभव आदानप्रदान भएको भ्रमण दलका संयोजक भीम गुरूङ्गले बताउनु भयो ।

भ्रमणदलमा नेफ्स्कूनसंग विभिन्न बचत तथा ऋण सहकारीका अध्यक्ष एवं प्रतिनिधीहरू, नेपाल सरकार सहकारी मन्त्रालय र सहकारी विभाग र नेफ्स्कूनका प्रतिनिधी समेत सहभागी रहेका थिए । नेफ्स्कूनले विगत १२ वर्षदेखि बंगलादेशको केन्द्रिय बचत तथा ऋण सहकारी संघसंग आपसी सद्भावना भ्रमण सञ्चालन गर्दै आएको छ । भ्रमणबाट बंगलादेशका सहकारी संघ संस्थाले अवलम्वन गरेका प्रविधी, नीति र सदस्य सेवाको गतिविधी नेपाली सहकारी अभियानका लागि अनुकरणीय रहेको गुरूङ्गले जानकारी गराउनुभयो । यस अघि भ्रमणदलका सदस्यहरूलाई नेफ्स्कूनका अध्यक्ष डिबी बस्नेत, महासचिव चन्द्रप्रसाद ढकाल र प्रशासकीय अधिकृत शिव अधिकारीले बिदाई गर्नुभएको थियो ।

सदस्य शिक्षामा जोड दिँदै रोयल

पोखरा रोयल सहकारी संस्था लि.ले नियमित रूपमा आफ्ना सदस्यलाई लक्षित गरी सहकारी अभिमूखीकरण तथा सदस्य शिक्षा तालिम संचालन गर्दै आएको छ। संस्थाको १७औं वार्षिक उत्सव सदस्य जागरण अभियान संचालन गरेपछि प्रत्येक महिना सदस्य शिक्षा तालिम संस्थाको प्रधान कार्यालयमा संचालन हुदैं आएको छ। आफ्ना सम्पूर्ण सदस्यलाई सहकारी सम्बन्धी जानकारी दिने उद्देश्यले उक्त अभिमूखी तालिम दिन लागिएको हो। संस्थाका सचिव, मुख्य प्रबन्धक लगायत बिभागीय प्रमुखहरूले तालिमको सहजिकरण गर्दै आउनुभएको जानकारी प्रशासन तथा व्यवसाय प्रबद्धन विभाग प्रमुख उमनाथ आचार्यले बताउनुभयो।

हाल सम्म वर्षका उत्कृष्ठ सदस्यहरू :

क्र.सं.	वर्ष	सदस्यको नाम	ठेगना
१	२०७३/०७४	नरहरि पनेरू मीना गुरूङ्ग	पोखरा लेखनाथ मनपा १५ कास्की शुक्लागण्डकी नपा ५ तनहुँ
२	०७२/०७३	नरबहादुर गुरूङ्ग जयराम श्रेष्ठ	पोखरा लेखनाथ मनपा १३ कास्की पोखरा लेखनाथ मनपा ११ कास्की
३	०७१/०७२	बलाकृष्ण पौडेल रामकृष्ण ढुँगाना	पोखरा लेखनाथ मनपा १६ कास्की पोखरा लेखनाथ मनपा १४ कास्की
४	०७०/०७१	बिलबहादुर गुरूङ्ग कुमानसिँह गुरूङ्ग	पोखरा लेखनाथ मनपा १० कास्की पोखरा लेखनाथ मनपा १० कास्की
५	०६९/०७०	विष्णुहरि ढकाल नारायण सुवेदी	पोखरा लेखनाथ मनपा १२ कास्की पोखरा लेखनाथ मनपा ८ कास्की
६	०६८/०६९	नौजङ्ग गुरूङ्ग	पोखरा लेखनाथ मनपा ४ कास्की
७	०६७/०६८	कोपिला श्रेष्ठ	पोखरा लेखनाथ मनपा ९ कास्की
८	०६६/०६७	भवानीदेवी श्रेष्ठ	पोखरा लेखनाथ मनपा ८ कास्की
९	०६५/०६६	हर्कध्वोज गुरूङ्ग	पोखरा लेखनाथ मनपा १२ कास्की
१०	०६४/०६५	सोमबहादुर गुरूङ्ग	पोखरा लेखनाथ मनपा १२ कास्की
११	०६३/०६४	गोपाल गुरूङ्ग क्या.टिकप्रसाद गुरूङ्ग	पोखरा लेखनाथ मनपा १० कास्की पोखरा लेखनाथ मनपा १७ कास्की
१२	२०६२/०६३	झमानसिँह गुरूङ्ग	पोखरा लेखनाथ मनपा १० कास्की
१३	२०६१/०६२	रेशमलाल गुरूङ्ग	पोखरा लेखनाथ मनपा १० कास्की
१४	२०६०/०६१	निर्मल जोजिज्यू	पोखरा लेखनाथ मनपा ४ कास्की

संक्षिप्तमा पोखरा रोयल

शेयर पुंजी	१७ करोड ४२ लाख
जगेडा कोष	७ करोड ८८ लाख
अन्य कोष	३ करोड १८ लाख
निक्षेप	१ अरब १ करोड
कर्जा लगानी	१ अरब ८ करोड
स्थिर सम्पत्ती	२ करोड ८८ लाख
सञ्चालन वचत	५ करोड ८० लाख
कुल सम्पत्ति	१ अरब ४४ करोड
आय कर	१ करोड १२ लाख
सदस्य संख्या	४,५५४
कर्मचारी	३४
कार्यालय	३

वार्षिक रूपमा रू. ५००० पेन्सन पाउने ज्येष्ठ सदस्यहरू

क्र.सं.	सदस्यको नाम	ठेगाना
१	टिकप्रसाद गुरूङ	पोखरा-१७
२	बिलबहादुर गुरूङ	पोखरा-१०
३	डा.एलियम्मा जोन	पोखरा-१०
४	नरबहादुर गुरूङ	पोखरा-१३
५	भेषराज ढकाल	पोखरा-८
६	जयबहादुर श्रेष्ठ	पोखरा-३
७	भगवती ढकाल	पोखरा-८
८	बेलकुमारी गुरूङ	पोखरा-१७
९	निल प्रसाद गुरूङ	शुक्लागण्डकी-१२
१०	इन्द्र बहादुर गुरूङ	पोखरा-१०
११	चमन बहादुर श्रेष्ठ	पोखरा-१०
१२	बबरसिंह गुरूङ	पोखरा-३
१३	कृष्ण बहादुर गुरूङ	पोखरा-१४

सहकारी समाचारका लागिः प्रकाशन उप-समिति संयोजकः हरिबहादुर गुरुङ्, सदस्यः चन्द्रकला श्रेष्ठ, पोमबहादुर गुरुङ्

पोखरा रोयल सहकारी लिमिटेड, पोखरा महानगरपालिका-१०, बुद्धचोक, कास्की
फोनः ०६१-५३८८३३, फ्याक्स नं.: ०६१-५२०८३३, Email: info@royalcooperative.com, URL: www.royalcooperative.com